# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, ज्येष्ठ २० गते २०१५ साल

### अर्थमन्त्रालयको सूचना

देहायका मिति मितिमा देहायका जवानहरूले ने. रा. बैंकमा का. मु. भै कायभार सम्हालेको कुरा सबैलाई ज्ञात होस् भनी यो सूचना प्रकाश गरिदिएको छ ।

१. काठमाडौं बंकिंग अफिसका मेनेजर धीरविक्रम शाह मिति २३।१।०१४ र ३१।१।०१५ दिन २ क्याजुयल बिदामा रहनु हुँदा का. मु. मेनेजरको कार्यभार एकाउन्टेन्ट रामराज तुलाधरले सम्हालेको ।

२. क्यासियर विलायतमानसिंह ०१५।१।१६ का दिन क्याजुयल बिदामा रहनु हुँदा का.मु. क्या. को कार्यभार नोट जाँच्ने गर्ने धू बहाल जोशीले सम्हालेको ।

आज्ञाले—
नीरराज
सेक्रेटरी- अर्थ मन्त्रालय

### अर्थमन्त्रालयको सूचना

२०१५ साल देखि नेपाली २५। पच्चीस पैसे सुकी तपसील बमोजिम नाप तौल डाइमेटर तथा डिजाइनको नयाँ टकमरी गरी चलन चल्तामा ल्याउने



965

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकारबाट निर्णय भै आएकाले सबैको जानकारीको निमित्त यो सूचना प्रकाश गरिएको छ ।

तपसील

| मुद्रा | तौल ग्रेन | आयरुवाई | डाइमेटर | डिजाइन एकापट्टि | डिजाइन अर्कोपट्टि |
|---|---|---|---|---|---|
| ।२५ पैसे सुकी | ४५ | २५'। निकेल ७५'। तामा | ७५०''। | श्री श्री चन्द्र, सूर्य, शंखचक्र गदा, पद्म २०१५ चारकुने भित्र श्रीमहेन्द्र-वीरविक्रम शाहदेव, बीचमा सानो चक्रका भित्र त्रिशूल अंकित भएको | अष्टकोण भित्र श्री श्री श्री गोरखनाथ भन्ने, बीचमा चक्रका भित्र श्री भवानी र फुलको माला खड्ग पच्चीस पैसा नेपाल अंकित |

आज्ञाले—
नीरराज,
सेक्रेटरी-अर्थ करेन्सी एण्ड एक्सचेञ्ज मन्त्रालय।

## अर्थ सचिवालयको सूचना

१, ने. रा. बैंक जलेश्वर उपशाखा शीघ्रै खुलिने भएको हुनाले सरकारको ०१५।१।२३।२ का निर्णय मुताबिक महोत्तरी जिल्लामा रहेका सरकारियो अड्डाखाना गैर सरकारी संस्था समेत गैरले सरकारी रकम सम्बन्धी महोत्तरी मालमा दाखिल गरी आएकोमा अब नेपाल राष्ट्र बैंकको उपशाखा खुलेका मितिदेखि उप्रान्त जलेश्वर मालमा दाखिल गर्नुको सट्टा नेपाल राष्ट्र बैंकको जलेश्वर उपशाखामा दाखिल गर्नु र वहीबुजने अड्डाहरूले पनि सो बमोजिम दाखिल भएको रसीद भिडाई मालमा दाखिल गरे सरह भिन्हा मोजरा दिने गर्नु गराउनू।

२, रकम रकमका आमदानी लेखिए बमोजिम राष्ट्र बैंकको जलेश्वर उपशाखामा दाखिल गर्न पठाउदा रकम रकमको छुट्टै चलानीहरू भरी चार प्रति

९६४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चलानी गरी पठाउने र नेपाल राष्ट्र बैङ्कको जलेश्वर उपशाखाले चार प्रति मा अफिसर–इन–चार्ज र क्याशियरको सही र नेपाल राष्ट्र बैङ्क जलेश्वर उपशाखाको छाप लगाई १ नं र ४ नं. आफू कहाँ राखी त्यसमध्ये ४ नं प्रति स्टेटमेन्टकोसाथ महोत्तरी सर्लाही गोश्वाराको एकाउन्टेन्ट फाँटमा पठाउने र १ नं हिसाबको निमित्त आफूकहाँ राखी २ नं. र ३ नं. रूपैयाँ दाखिल गर्न ल्याउनेलाई दिनेछन् सो २नं. र ३ नं. चलानीमा २ नं. १ प्रति सहीबुझाउने कामकोलागि आफू काहाँ राखि बाका ३ नं. को १ प्रति म.स. गोश्वारामा सकभर उसै दिन नभ्याएमा भोलिपल्टसम्म पठाउने गर्नु र रकम रकमको आमदानी दाखिलगर्न पठाउँदा चलानीको पीठमा यस किसिमबाट आमदानीहुन आएको भनी (आवाज चलन भएकाले आवाजँबमोजिम र नहुनेहरूले यथा सम्भव) कर्च खोली पठाउने गर्नु गराउनु ।

३. सो चलानी फाराम मोरू र भा. लकोलागि छुट्टा छुट्टै छपाई नेपाल राष्ट्र बैङ्क जलेश्वर उपशाखाबाट वितरण हुनेछ । सम्बन्धितअड्डाहरूले चाहिए बमोजिमको फाराम नेपाल राष्ट्रबैङ्क जलेश्वर उपशाखाबाट लिई झिकाई काम चलाउने गर्नु ।

४, अड्डाहरूलाई साल बसाली वा पटके खर्चको रूपमा जिम्मावारी जाने कलमहरू चेकद्वारा मिलनेहुँदा अड्डाहरूले पनि चेक पाए पछि सो चेकबाट आफ्ना अड्डाका नाउँमा नेपाल राष्ट्रबैङ्क जलेश्वर उपशाखामा खाता खोली यथासम्भव नगद झिकी ल्याई आफ्नो तहवीलमा नराखी चेकद्वारा खर्च गर्ने गर्नु ।

५ उक्त दफा४बमोजिम विभिन्न अड्डाहरूले खाता खोल्दा हाकिम र हाकिमदेखि मुनिको १ जना कर्मचारीको संयुक्त दस्तखतबाट अपरेट गर्ने गरी खाता खोल्नु । खाता खोल्ने दरखास्त फाराम बैङ्कबाट पाइनेछ । सो फाराममा लेखिए बमोजिमको समर्थन गर्ने काम मालको गोश्वाराको बडाहाकिमले र अरू सबैको मालको हाकिमले गर्ने गर्नु ।

६. उक्त बैंकबाट रोज रोज जहा जहांबाट जे जति रूपैयाँ दाखिल हुन आएको छ रकम रकमको पृथक पृथक देखिने गरी सकभर उसै दिनमा र नसकेमा भोली पल्ट सम्ममा गोश्वारामा ४ नं. को चलाना साथ स्टेटमेन्ट दाखिल गरी सक्नुपर्छ ।

९६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मौजदात दाखिल गर्ने म्यादको हकमा असुल तहसिल, आम्दानी भएको रुपैयाँ यो यति समयमा वा यति पुगेपछि मालमा दाखिल गर्नु भन्ने भैरहेकामा सोही बमोजिम माथि २ दुई दफा बमोजिम रात पुऱ्याई नेपाल राष्ट्र बैङ्क जलेश्वर उपशाखामा दाखिल गर्नु पर्छ । मालका मौज्दातको हकमा सकभर भोली पल्टै र नभए ३ तिन दिन भित्र बाजलेश्वर उपशाखामा दाखिल गरी सक्नुपर्छ ।

आज्ञाले—
नाररात्र
सचिव अर्थसचिवालय

## अर्थ (आय) सचिवालयको सूचना

बिष निकासी पैठारीको दरवन्दी पहाड भंसारमा नभएको व्यहोरा पेश हुँदा "बिष" मा तराई भंसारमा भा. रू. २। दुइरुपैयाँ र पाहाड भंसारमा मोहरू २।५६ दुइ रुपैंया छपन्न पैसा निकासी पैठारी महसूल लिने भन्ने ११।१।०१५ मा निर्णय भएकोले सर्वसाधारणलाई ज्ञात होस भन्ना निमित्त यो सूचना प्रकाश गरिएको छ ।

आज्ञाले-
नीरराज
सेक्रेटरी, अर्थसचिवालय.

१५६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।